नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☎०१-६७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सुर्यविनायक न.पा.-५, चुनदेवी

# सूचना नं. :४

## आलु जोन-काठमाडौं अन्तर्गत संचालन हुने

## कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०४/३०)

| क.सं | जोन | जोनको क्षेत्र (पालिकाको नाम,वडा आदि) |
|---|---|---|
| १ | आलु जोन काठमाण्डौ | शंखरापुर न.पा. वडा नं. १ देखी ९ सम्म |

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल, प्रचलित नियम कानुन र स्वीकृत नर्मसहरु अनुसार संचालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुरको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार काठमाडौं जिल्लामा संचालित आलु वालीको जोन (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्र (शंखरापुर न.पा. वडा नं. १ देखी ९ सम्म)का सुचिकृत कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राबिधिक एकाइ-काठमाडौं मा मिति २०७९ भाद्र २८ गते सम्म (अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको भोलिपल्ट) ५०% प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रमहरुका लागि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। पुनश्च : हालसम्म सुचिकृत नभएका कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार संबन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा) | यस कार्यालयवाट उपलब्ध हुन सक्ने अनुदान | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उन्नत जातको बीउ आलु वितरण कार्यक्रम | क्विन्टल | ५०० | २५ | उन्नत जातको बीउ आलु स्वीकृत दर रेटमा ५० प्रतिशत अनुदानमा वितरण हुने | आलु जोन -काठमाडौं | ब्यवसायिक आलु खेती मा संलग्न समुह/सहकारी/निजी फर्म |
| २ | पोष्टहार्भेष्ट सहयोग कार्यक्रम | पटक | १ | २ | आलुको संचय-भण्डारण ,बजारीकरण र क्षति न्यूनीकरणमा सहयोग हुने गरि ग्रेडिंग,प्याकेजिंग,लेवलिंङसामग्रीको खरिदमा स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | आलु जोन -काठमाडौं | बीउ आलु तथा खायन आलुको व्यवसायिक उत्पादन तथा बजारीकरणमा संलग्न समुह/सहकारी/निजी फर्म |
| ३ | सहभागितात्मक व्यावसायिक नवीनतम उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | ३ | ४.५ | बढीमा प्रति आयोजना १ लाख ५० हजार | आलु जोन -काठमाडौं | -आलु खेती/विउ उत्पादनमा नविनतम प्रविधिको प्रयोग हुनु पर्ने<br>-नयाँ र सम्भावना भएका जातहरुको उत्पादन प्रवर्द्धनमा जोड<br>- कम्तिमा १० रोपनी |

वरिष्ठ कृषि अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षेत्रमा व्यवसायिक खेती गरेको हुनु पर्ने<br>-भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |

आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन ।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

३. समुह सहकारीको हकमा जोनमा आवद्दता सम्वन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी।

४. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको जोनमा आवद्धताका लागि सिफारिश पत्र ।

५. सहकारी सस्था/फर्महरुको अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

~~७. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।~~

८. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको र संलग्न कृषकहरुको जग्गाको लालपूर्जाको प्रतिलिपी । यदि जग्गा भाडामा लिएको हो भने कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ । साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा २० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

पुनश्च: आवेदक जोनसँग सम्बन्धित वालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ति कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) हरुलाई जोनमा आवद्धता दिनका लागि परियोजना कार्यान्वियन एकाई बाध्य हुने छैन ।

नोट:

- गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भइ सकेका कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुले सूचिकृत हुनको लागि आवेदन पेश गर्नुपर्ने छैन । तर गत आ.व.मा तोकिएको ढाँचामा विवरण पेश नगरेका संस्थाहरुले अध्यावधिक विवरण पेश गर्नुपर्नेछ ।
- गत आ.ब. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमित्त्का दिईने छ ।
- गत आ.ब.को कार्यक्रममा अनुदान प्राप्त संस्थाहरुलाई सोहि कार्यक्रममा दोहरिने गरि कार्यक्रमको आवेदन लिइने छैन । साथै समुह/सहकारीको हकमा गत आ.ब.को कार्यक्रममा अनुदान पाएका सदस्यहरु नदोहरिने र नपाएका सदस्यहरुले पाउने सुनिश्चितताको लागि लाभग्राहीको नाम सहितको बैठकको निर्णय र अघिल्लो आ.ब.का लाभग्राहीहरुको भरपाई निवेदनका साथ अनिवार्य संलग्न गर्नु पर्ने छ ।
- निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा परियोजना कार्यान्वयन इकाईलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन । यदि बदनियत पूर्ण रुपमा अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व.मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही र सरकारी बाँकि सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई

<u>आवेदन पेश गर्ने कार्यालय:</u>
जोन प्राबिधिक एकाइ-काठमाण्डौं,
शंखरापुर न.पा.-६, साँखु, काठमाण्डौं
०१-४४५१६५२
सूचना अधिकारी : ९८५११४२१३१

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत